नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## प्रेस विज्ञप्ति

पंचेश्वर बहुउद्देशीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदनलाई अन्तिम रुप प्रदान गर्न गठित संयुक्त विज्ञ टोली (ToE) को मिति २०८० श्रावण ५–६ मा चौथो बैठक भारतको नयाँ दिल्लीमा सम्पन्न भयो । नेपाल सरकारको तर्फबाट जल तथा उर्जा आयोगका सचिव श्री सुशिल चन्द्र तिवारी र भारत सरकारको तर्फबाट केन्द्रिय जल आयोगका अध्यक्ष श्री कुसविन्दर बोहराले संयुक्त रुपमा बैठकको अध्यक्षता गर्नु भयो ।

सम्माननीय प्रधानमन्त्रीज्युको हालसालै भएको भारत भ्रमणको क्रममा पंचेश्वर बहुउद्देशीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदनलाई तीन महिनाभित्र टुङ्गो लगाउने गरी दुई देशका प्रधानमन्त्रिहरुबीच भएको सहमतिलाई यथाशीघ्र कार्यान्वयन गर्न उक्त बैठकमा देहाय बमोजिमको सहमति भएको छ ।

"विज्ञ समुहको यस अघिका बैठकहरुमा भएका सहमति तथा महाकाली सन्धिको मर्म अनुरुप हुने गरी पंचेश्वर बहुउद्देशीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदनलाई १५ (पन्ध्र) दिन भित्र परिमार्जन गरी पेश गर्न वाप्कोस लिमिटेडलाई निर्देशन दिने। साथै तीन हप्ता भित्र विज्ञ समूहको अर्को बैठक बसी विस्तृत परियोजना प्रतिवेदन लाइ अन्तिम रुप दिने ।"

(मधु प्रसाद भेटुवाल)
सहसचिव एवम् प्रवक्ता